# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

आ.व २०८२।०८३ -
च. नं:

मिति २०८२।०९।२१ गते

रत्ननगर नगरपालिकाको प्रदेश सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) कार्यक्रमहरु संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशन मितिः २०८२/०९/२१गते

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालु आ. व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले रत्ननगर नगरपालिका भित्रका इच्छुक सार्वजनिक निकाय, संघ/संस्था, प्राविधिक शिक्षालय, सामुदायिक विद्यालय, कृषक समूह, कृषि सहकारी, जल/वन उपभोक्ता/कृषि उपज/पशुपन्छी/मत्स्य बजार समिति र निजी उद्यमी क्षेत्रबाट प्रस्ताव पेशका लागि यो सूचना प्रकाशित गरिएको छ।

स्वीकृत कार्यविधि स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र कार्यपालिकाको बैठकबाट स्वीकृत छनौट मापदण्ड/मूल्यांकन सूचकका आधार अनुसार प्रस्तावकहरुले यो सूचना प्रकाशन भएको मितिले ०७( सात) दिन (मिति २०८२/०९/२७ गते) भित्र निम्नानुसारका कागजातहरु अनिवार्य संलग्न गरि प्रत्येक कार्यक्रमका लागि छुट्टाछुटै प्रस्ताव यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखामा पेश गर्नुहुन सुचित गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क्र. स. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | पशुपालन (गाई) प्रवर्द्धन कार्यक्रम वडा नं. १२ | १०,००,००० | |
| २. | बाख्रा पालन प्रवर्द्धन कार्यक्रम र.न.पा. १२ | १०,००,००० | |
| ३. | खेती योग्य जमिनमा सिँचाई कार्यक्रम र.न.पा. १५ | १०,००,००० | |

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


आवश्यक कागजातहरुको सूची

१. कार्यालयले उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्ताव पत्र
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
३. अनुसुची १ बमोजिमको प्रतिबद्धता पत्र
४. अनुसूची ६ बमोजिमको स्वघोषणा पत्र: विगत ३ बर्षमा समान प्रकृतीको वा दोहोरो अनुदान नलिएको
५. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर प्रमाणपत्र (PAN) को प्रतिलिपि
७. आ.व. २०८१/८२ को कर चुक्ता
८. आ.व. २०८१/८२ को भुमिकर तिरेको रसिदको प्रतिलिपि
९. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी
१०. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
११. कार्यक्रम संचालन गर्ने जमिनको धनीपुर्जाको प्रतिलिपि/लिजमा भए कम्तीमा ५ बर्ष जग्गा भाडा सम्झौताको (वडा कार्यालयको रोहबर वा वडाबाट प्रमाणित) प्रतिलिपि
१२. पशु धनको बीमालेखको प्रतिलिपि

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np